# वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङजा

गण्डकी प्रदेश,नेपाल

पत्र सं: ०८२/०८३
च नं: ९३

मिति: २०८२/०४/१३

श्री सरोकारवाला (सबै) ,
वालिङ नगरपालिका, स्याङ्जा

विषय : नवीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका भित्र बसोवास भएका मृगौला प्रत्यारोपण गराएका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्डका पक्षघातका दीर्घरोगका विरामीहरुलाई नेपाल सरकारले औषधी उपचार वापत प्रति महिना रु ५,०००.० (पाँच हजार) का दरले उपलब्ध गराईरहेको व्यहोरा विदितै छ । सो सम्बन्धमा यस नगरपालिकामा दर्ता रहेका विरामीहरुले यस आ.व. मा निरन्तरताको लागि तपशिल बमोजिमको नवीकरण सहितको कागजात भाद्र मसान्तसम्म पेश गर्नु हुन अनुरोध छ । उपरोक्त किसिमको औषधोपचार सुविधा लाभग्राही विरामीहरुले समयमै नवीकरण नगराएमा औषधी उपचार वापतको रकम उपलव्ध नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

क) बिरामी उपचाररत अस्पतालबाट अनुसूचि १ प्रमाणित ।
ख) निर्देशिका वमोजिमको अनुसुचि २
ग) विरामीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ) बैंक खाताको चेकको प्रतिलिपि ।
ङ) सम्बन्धित वडाको सिफारिस पत्र ।

(गंगालक्ष्मी सुबेदी)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री वडा कार्यालय सबै : सम्बन्धित व्यक्तिहरुलाई जानकारी गराउनु हुन।